# भाग ५

## नेपाल सरकार

## महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको

## सूचना

नेपाल सरकार, मन्त्रिपरिषद्‌ले समाज कल्याण ऐन, २०४९ को दफा २० को उपदफा (१) बमोजिम नेपाल सरकारले मिति २०८२।०४।०९ मा नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यसमिति विघटन गरी सोही दफाको उपदफा (२) बमोजिम तदर्थ समिति गठन गरेकोमा सो तदर्थ समितिले मिति २०८२।०९।२५ मा विधान महाधिवेशन सम्पन्न गरी विधान संशोधन गरेको भए तापनि सोही दफाको उपदफा (३) बमोजिमको अवधिभित्र संशोधित विधान बमोजिम नयाँ कार्यसमिति गठन हुन नसकेको, हाल निर्वाचन आचारसंहिता, २०८२ लागू भई तत्काल नयाँ कार्य समितिको निर्वाचन हुनसक्ने अवस्था समेत नरहेको र नेपाल रेडक्रस सोसाइटीको कामकाज यथावत सुचारू गर्न आवश्यक भएकोले सो तदर्थ समितिलाई संवत् २०८३ साल असार मसान्तसम्मको लागि निरन्तरता दिने र सो समितिले उक्त अवधि भित्र नयाँ कार्यसमिति गठन गर्ने गरी समाज कल्याण ऐन, २०४९ को दफा २४ बमोजिम बाधा अड्काउ फुकाउन आदेश जारी गरेको छ ।

**आज्ञाले,**

**राधिका अर्याल**

**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.१५।–
गो.हु.द.नं. १६।२०६२।६३